## नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.-४१७, दायर मिति-:२०७९-११-२१

फैसला मिति-२०८०-०४-२८

वादी

अभिषेक यादवको जाहेरीले नेपाल सरकार----------१

प्रतिवादी

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१६ ईनर्वा टोल बस्ने बर्ष ३१ को सुखाडी भन्ने बिकास यादव----------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

**१.प्रतिवादीहरुले बिभिन्न अश्लिल शब्दहरुको प्रयोग गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने अभिषेक यादवको जाहेरी दरखास्त।**

**२. बिभिन्न अश्लिल शब्दहरुको प्रयोग गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।**

**३. बिभिन्न अश्लिल शब्दहरुको प्रयोग गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अवधेश प्रसाद यादव समेतको घटनाविवरण कागज।**

**४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।**

**५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।**

<u>ठहर-खण्ड</u>

**यसमा मैले हातपात गरेको छैन भनि प्रतिवादीहरुले ईन्कारी बयान गरेतापनी मिति २०७९।०९।१४ गते अं.०९:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१६ स्थित सुखाडी भन्ने बिकास यादव, भिम यादव र संदिप यादवले जाहेरवालीलाई विभिन्न अश्लिल शब्दहरुको प्रयोग गर्दै मुक्का समेतले प्रहार गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीहरु सुखाडी भन्ने बिकास यादव,भिम यादव र संदिप यादवलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का, तथा अभिषेक यादवको जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु सुखाडी भन्ने बिकास यादव,भिम यादव र संदिप यादवलाई जरिवाना जनही रु ५०००।- गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

<u>तपसिल खण्ड</u>

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु सुखाडी भन्ने बिकास यादव,भिम यादव र संदिप यादवलाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०३-१३ गते र.नं.९६५,९६६,९६७ बाट दाखिला गरेको धरौटी रकम जनही रु ५,०००।- बाट जरिवाना रकम जनही रु ५,०००।- कट्टा गरि मिनाहा गर्नु।--------------------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु---------------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----१**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी